**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर बाट जारी भएको**

**सूचना**

कम्पनी ऐन,२०६३ को परिच्छेद १६ मा विदेशी कम्पनी सम्बन्धी व्यवस्था रहेको सवैमा सर्वविदितै छ। उक्त परिच्छेदको दफा १५४ को उपदफा १२ मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाको बखत नेपाल राज्य भित्र दर्ता नगराई व्यवसाय वा कारोवार सन्चालन गरिरहेका वा सम्पर्क कार्यालय खडा गरेका विदेशी कम्पनीले यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र यस ऐन बमोजिम कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ।" भन्ने व्यवस्था भए बमोजिम कम्पनी ऐन, २०६३ प्रारम्भ हुँदाको बखत नेपाल राज्य भित्र दर्ता नगराई व्यवसाय वा कारोवार संचालन गरिरहेका वा सम्पर्क कार्यालय खडा गरेका विदेशी कम्पनीले ऐनले निर्धारण गरेको हदम्याद भित्र यस कार्यालयमा दर्ता नभई कारोवार सञ्चालन गरिरहेको सूचना यस कार्यालयलाई प्राप्त भएको हुँदा माथि उल्लेखित विदेशी कम्पनीहरुले कम्पनी ऐन,२०६३ अनुसार यस कार्यालयमा दर्ता हुन आई आफ्नो कारोवार सञ्चालन गर्न गराउन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको समय भित्र दर्ता हन नआउने विदेशी कम्पनीहरुलाई प्रचलित कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

रजिष्ट्रार

२०८२।०२।३०

रजिष्ट्रार